# भाग ५

## नेपाल सरकार

## भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको

### सूचना १

नेपाल सरकारले भूमि सम्बन्धी ऐन, २०२१ को दफा २६घ१. ले दिएको अधिकार प्रयोग गरी खण्ड ६६ सङ्ख्या २२ मिति २०७३/५/६ को नेपाल राजपत्र भाग ५मा प्रकाशित सूचना बमोजिम मोही लागेको जग्गा जग्गावाला र मोहीले बाँडफाँड गरी लिन निवेदन दिने म्याद सो सूचना प्रकाशन भएको मितिले एक वर्ष सम्म,खण्ड ६७ सङ्ख्या ३८ मिति २०७४/७/२४ को नेपाल राजपत्र भाग ५ मा प्रकाशित सूचना बमोजिम त्यसरी निवेदन दिने म्याद पुनः मिति २०७४/५/५ देखि मिति २०७५/५/४ सम्म तथा खण्ड ६८ सङ्ख्या ४६ मिति २०७५/९/१६ को नेपाल राजपत्र भाग ५ मा प्रकाशित सूचना बमोजिम त्यसरी निवेदन दिने म्याद पुनःसो सूचना प्रकाशन भएको मितिले एक महिनासम्म तोकेकोमा त्यसरी निवेदन दिने म्याद यो सूचना प्रकाशन भएको मितिले छ महिनासम्म तोकेकोले यो सूचना प्रकाशन गरिएको छ ।

### सूचना २

नेपाल सरकारले भूमि सम्बन्धी ऐन, २०२१ को दफा २६घ३. ले दिएको अधिकार प्रयोग गरी खण्ड ६६ सङ्ख्या २२ मिति २०७३/५/६ को नेपाल राजपत्र भाग ५ मा प्रकाशित सूचना बमोजिम मोही लागेको जग्गा जग्गावाला र मोहीले बाँडफाँड गर्ने

कारबाही टुङ्गो लगाई सक्नुपर्ने अवधि सो सूचना प्रकाशन भएको मितिले दुई वर्षसम्म तोकेको तथा खण्ड ६७ सङ्ख्या ३८ मिति २०७४/७/२४ को नेपाल राजपत्र भाग ५ मा प्रकाशित सूचना बमोजिम त्यस्तो कारबाही टुङ्गो लगाई सक्नुपर्ने अवधि पुनः मिति २०७४/५/५ देखि मिति २०७६/५/४ सम्म तोकेकोमा त्यस्तो कारबाही टुङ्गो लगाई सक्नुपर्ने अवधि यो सूचना प्रकाशन भएको मितिले एक वर्षसम्म तोकेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
सुर्यप्रसाद गौतम
नेपाल सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू ५।-
गो.हु.द.नं. १६।२०६२।६३